## बैठक नं. ३८

आज मिति २०८१ साल श्रावण २३ गते बुधबार यस कीर्तिपुर नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री शुभलक्ष्मी शाक्यज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | कार्यवाहक नगर प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| २ | सदस्य, का.वा.अध्यक्ष वडा नं. १ | श्री जमुना महर्जन | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. २ | ई. श्री रुपेश महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडाल नं. ३ | श्री सुबिन्द्र महर्जन | |
| ५ | सदस्य, का.वा. अध्यक्ष वडा नं. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत ( पृथ्वी ) | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १२ | सदस्य | श्री हरिराम बोगटी | |
| १३ | सदस्य | श्री पवित्रा विष्ट | |
| १४ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १५ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १६ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १७ | सदस्य | श्री सुजाता सुनाम | |
| १८ | सदस्य सचिव | श्री माधब प्रसाद ढकाल | |
| १९ | सदस्य | श्री पवित्रा विष्ट | |
| २० | सदस्य | श्री विमला थापा (कार्की) | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरु: | | | |
|---|---|---|---|
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | बरिष्ठ इन्जिनियर | श्री बालकृष्ण महर्जन | |
| २ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| ३ | वरिष्ठ इन्जिनियर | श्री कृष्णभोला महर्जन | |
| ४ | वरिष्ठ अधिकृत सातौ | श्री जनक थापा | |
| ५ | उप प्रमुख सचिवालय | श्री केशब महर्जन | |
| ६ | सूचना प्रबिधि अधिकृत | श्री प्रकेशचन्द्र श्रेष्ठ | |
| ७ | अ.छैठौं | श्री अकिल अमात्य | |
| | | | |

<u>प्रस्तावहरु</u>

१) आ.व. २०८१/२०८२ को दररेट सम्बन्धमा ।

२) कीर्तिपुर नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि,२०८१ को स्विकृती सम्बन्धमा ।

३) एकिकृत सहरी बिकास केन्द्रसंगको सम्झौता सम्बन्धमा ।

४) जग्गा बिकास आयोजना सम्बन्धमा ।

५) कोसेली घरको सटर सम्बन्धमा ।

६) विविध

निर्णय नं . १

काठमाडौं जिल्लाको आ.व. २०८१/२०८२ को जिल्ला दररेटलाई नै यस नगरपालिकाको दररेट कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं . २

बैठकमा विधायन समितिबाट सिफारिस भई पेश हुन आएको कीर्तिपुर नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं . ३

कीर्तिपुर नगरपालिका र एकिकृत सहरी बिकास केन्द्र (CIUD) को सहकार्यमा प्लास्टिकजन्य फोहोरमैला व्यवस्थापन कार्यका लागि नगरपालिकाको तर्फबाट पूर्वाधार निर्माण र अन्य कार्य CIUD बाट गर्ने विषयमा यस नगरपालिकाको वन, वातावरण तथा विपद व्यवस्थापन समितिले आवश्यक अध्ययन गरी सम्झौता परिमार्जन सहित समितिले सिफारिस गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं . ४

जग्गा बिकास आयोजनाका लागि सम्भाव्य र उपयुक्तताको आधारमा उपयुक्त स्थान पहिचान गरी सम्वन्धित वडाको समन्वयमा प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं . ५

कीर्तिपुर नगरपालिका वडा नं. १० स्थित कोसेली घरको खाली रहेको एक सटर कीर्तिपुर नगरपालिकाबाट प्रदान गरिएको शिपमुलक तालिम लिई उद्यमशिल बन्न इच्छुक उद्यमीहरुलाई स्थानीय उत्पादनको प्रवर्द्धन तथा प्रदान गरिएको सिपमूलक तालिमको उपयोग एवं प्रोत्साहनका लागि बढीमा ३ (तीन) महिनाका लागि निःशुल्क उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं . ६

यस नगरकार्यपालिकाको प्रवक्ता वडा नं. ७ का वडा अध्यक्ष श्री दिवाकर अधिकारीलाई तोक्ने निर्णय गरियो ।